***विश्वव्यापी आवधिक समीक्षा तेस्रो चक्रको प्रतिवेदन सम्बन्धमा बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान र राष्ट्रिय मानव अधिकार आयोगको सहकार्यमा बुटवलमा आयोजित कार्यशाला कार्यक्रमको उद्घाटन सत्रमा राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री अनूप राज शर्माले दिनुभएको मन्तव्य***

***यस कार्यक्रमका अध्यक्ष महोदय, उपस्थित सम्पूर्ण महानुभावहरू***

विश्वव्यापी आवधिक समीक्षाको तेस्रो चक्र प्रतिवेदन आगामी वर्ष २०२० मा पेश गर्नुपर्ने प्रावधान रहेको हुँदा तेस्रो चक्र समीक्षाको प्रतिवेदन तयारीका लागि बालबालिकाको क्षेत्रमा कार्यरत सरोकारवाला निकायहरुको सहभागीतामा प्रदेश नं ५ बुटवलमा बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजोप) र राष्ट्रिय मानव अधिकार आयोगको संयुक्त प्रयासमा आयोजना गरिएको यस कार्यशाला कार्यक्रममा मलाई आमन्त्रण गरी आफ्नो केही भनाईहरु यहाँहरु समक्ष राख्ने अवसर दिनुभएकोमा मलाई धेरै नै खुशी लागेको छ । बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजोप) र राष्ट्रिय मानव अधिकार आयोग बिच बालबालिकाको अधिकार संरक्षण, संवर्द्धन र बालअधिकारको सुनिश्चततताको लागि लामो समयदेखि सहकार्य र समन्वयमा कार्य हुँदै आएको छ । आयोग र सिजोपको सहकार्यमा विश्वव्यापी आवधिक समीक्षा दोस्रो चक्रमा प्राप्त भएका सिफारिसहरुको कार्यान्वयन अनुगमन कार्ययोजना समेत तयार भई कार्यान्वयनमा रहेको छ ।

संवैधानिक र कानूनी कार्यादेश बमोजिम राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको संरक्षण, संवर्द्धन सोको सुनिश्चितताको लागि निरन्तर रुपमा कार्य गर्दै आइरहेको छ । संयुक्त राष्ट्र संघको सदस्य राष्ट्रहरुलाई मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा बढी जिम्मेवार र उत्तरदायी बनाउने एवं मानव अधिकार प्रतिको प्रतिवद्धताहरुको पालना गराउने उद्देश्यका साथ मानव अधिकार परिषदको स्थापना सँगै मानव अधिकार संयन्त्रको रुपमा विश्वव्यापी आवधिक समीक्षाको व्यवस्था भएको हो । संयुक्त राष्ट्र संघको सदस्य राष्ट्रहरुको समीक्षा प्रत्येक ४.५ बर्षहरुमा हुने गर्दछ । यस समीक्षा मार्फत मानव अधिकार परिषदमा प्रत्येक सदस्य राष्ट्रले मानव अधिकार प्रति व्यक्त गरेका प्रतिवद्धता र उत्तरदायित्वहरुको पालना गरे नगरेको सम्बन्धमा समीक्षा हुने गर्दछ । विश्वव्यापी आवधिक समीक्षाको पहिलो चक्रमा नेपालको समीक्षा सन् २०११ मा र दोस्रो चक्रको समीक्षा सन् २०१५ मा भएको थियो । पहिलो चक्रको समीक्षामा प्राप्त १३५ सुझाव मध्ये १२० सुझाव नेपालले कार्यान्वयन गर्ने प्रतिवद्धता जनाएको थियो भने दोस्रो चक्रको समीक्षामा प्राप्त १९५ सुझाव मध्ये १५२ सुझावहरु स्वीकार गरेको थियो र ४३ ओटालाई स्वीकार गरेको थिएन । राष्ट्रिय मानव अधिकार आयोगले यी समीक्षा चक्रमा राज्यलाई प्राप्त सुझावहरुको कार्यान्वयन गर्न साथै दोस्रो चक्र समीक्षामा राज्यले स्वीकार नगरी प्रतिउत्तर गर्ने प्रतिवद्धता गरेका सुझावहरुलाई (Pending Recommendation) स्वीकार गर्नको लागि आधार र कारण सहित नेपाल सरकारलाई सिफारिस समेत गरेको

थियो । पहिलो र दोस्रो चक्रको समीक्षामा प्राप्त भएका सुझावरुलाई कार्यान्वयन गर्ने तर्फ नेपाल सरकारले आफ्नो योजना, नीति तथा कार्यक्रम मार्फत कार्यान्वयन गर्दै आएको छ । मानव अधिकारको संरक्षण, संवर्द्धन र सोको परिपूर्ति गर्नको लागि नेपाल सरकारले तदारुकताका साथ संविधान बमोजिमका केही कानूनहरु समेत निर्माण गरेको विषय सह्रानीय रहेको छ । सोको कार्यान्वयन अवस्था हेर्न भने बाँकी नै छ । बालबालिकाको अधिकार संरक्षणको लागि कानून निर्माण भई कार्यान्वयनमा रहेतापनि अझै हाम्रो समाजमा बालविवाह, छाउपडी प्रथा, बालश्रम रहेको छ । अझै पनि बालबालिकाहरु शिक्षा, स्वास्थ्य उपचारबाट बञ्चित साथै कतिपय गाँसबास र कपासबाट नै बञ्चित रहेका छन् । संक्रमणकालीन न्यायको विषय अझै सम्बोधन हुन नसकिरहेको र दण्डहीनता कायमै रहेको अवस्था छ जसले गर्दा सशस्त्र द्वन्द्व प्रभावित बालबालिकाहरु, द्वन्द्वमा बाबु आमा गुमाएका बालबिलिकाहरू, द्वन्द्वमा द्वन्द्वरत पक्ष ने.क.पा माओवादीबाट बालबालिकाहरु बाल सेनामा प्रयोग भए पछि अयोग्य भए ती बालबालिकाहरूको मानव अधिकार संरक्षणका विषयमा समेत सम्बोधन हुन नसकिरहेको अवस्था छ ।

नेपाल सरकारले मानव अधिकारको सुनिश्चितता गर्न निर्माण गरेको चौथो मानवअधिकार राष्ट्रिय कार्ययोजना ०७१/७२-७५/७६ को समय समाप्त भएको हुँदा अब निर्माण हुन लागिरहेको सरकारको पाँचौ कार्ययोजनामा मानव अधिकारका विषयहरु, बालअधिकारका उल्लेखित विषयहरु समावेश हुने नै छन् र त्यसको कार्यान्वयन पनि सन्तोषजनक हुने नै छ भन्ने मैले विश्वास लिएको छु ।

राष्ट्रिय मानव अधिकार आयोगले विश्वव्यापी आवधिक समीक्षा सम्बन्धमा आफ्नो प्रतिवेदन तयारी क्रममा नेपाल सरकार लगायत विभिन्न सरोकारवाला निकायहरुसँग छलफल तथा अन्तर्क्रिया, व्यापक परामर्श कार्यक्रमहरु गरेर प्राप्त सुझावहरु समेतको आधारमा संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषदमा प्रतिवेदन पेश गर्दै आएको छ । अबको तेस्रो समीक्षा चक्रमा समेत आयोगले विगतमा जस्तो नेतृत्वदायी भूमिका लिई व्यापक रुपमा परामर्श र छलफल पश्चात प्रतिवेदन तयारी गरी पेश गर्ने योजना रहेको छ ।  मुलुक संघीय संरचनामा गएको अवस्थामा आगामी प्रतिवेदन तयारी र पेश गर्ने सम्बन्धमा संघ, प्रदेश र स्थानीय सवै तहमा व्यापक रुपमा छलफल परामर्श कार्यक्रमहरु गरिनुपर्दछ । यसलाई अझै स्थानीय तहसम्म पुऱ्याउनुपर्दछ । साथै नेपाल सरकारलाई पहिलो र दोस्रो पटकको समीक्षामा प्राप्त हुन आएका सुझावहरु तिनको कार्यान्वयन अवस्था प्रतिवेदन तीनै तहमा प्रचार, प्रसारका कार्यक्रमहरु समेत गरिनुपर्दछ जसमा नागरिक समाजको ठूलो भूमिका रहन्छ ।

नागरिक समाज, मानव अधिकारकर्मीहरु लोकतन्त्रका पहरेदार तथा  मानव अधिकारका रक्षक समेत हुन ।  मानव अधिकारको सम्बन्धमा राज्यले गरेको प्रतिबद्धतालाई व्यवहारमा कार्यान्वयन गर्ने प्रमूख दायित्व राज्यको नै भएपनि नागरिक समाज संघ संस्थाहरू, गैरसरकारी संघ संस्थाहरूले राज्यलाई यस विषयमा राज्यद्वारा तयार गरिने राष्ट्रिय प्रतिवेदनमा बृहत सहभागी जनाई सुझाव दिने, राज्य पक्ष भएका सन्धिहरुको सन्धिजनित निकाय र यो आवधिक समीक्षालाई समेत सहयोग पुग्ने गरी बास्तविक र विश्वसनीय सुझाव तथा सूचना प्रदान गर्ने, सबैको सहभागीता रहने गरी परामर्श छलफल कार्यक्रमहरु गर्ने, सरकारलाई प्राप्त भएको सुझावहरूको पालना भए नभएको सम्बन्धमा

सरकारलाई सचेत गराउने र जनदवाव दिने, आयोगले तयार गर्ने प्रतिवेदनमा सुझाव दिने साथै नागरिक समाज, संघ संस्थाहरू स्वयमले तयार गरेको प्रतिवेदनमा समेत सरकार, संवैधानिक आयोग लगायत सरोकारवालाहरुको परामर्श पश्चात मात्र पेश गर्ने कार्यमा अहम भूमिका रहन्छ ।

यो दुई दिने कार्यशालामा सहभागी सम्पूर्ण सरोकारवालाहरुबीच गहन छलफल, परामर्श हुनेछ जसले आगामी प्रतिवेदन तयारी र राज्यलाई प्राप्त सुझावहरुको कार्यान्वयमा आ-आफ्नो तर्फबाट सक्रिय भूमिका निभाउने तर्फ समेत योगदान गर्नेछ भन्ने मैले आशा लिएको छु । यो कार्यशालालाई फलदायी रुपमा सम्पन्न गर्नुहुनको लागि शुभकामना व्यक्त गर्दै विदा हुन्छु ।

॥ धन्यवाद ॥

२०७६ साल साउन २७ गते

बुटवल